सहकारी संस्थाले महिलाको आर्थिक तथा सामाजिक जीवनमा पारेको प्रभाव रबिन्द्रराज पौडेल २०७०

# सहकारी संस्थाले महिलाको आर्थिक तथा सामाजिक जीवनमा पारेको प्रभाव

**(कास्की जिल्ला आर्बा बिजय गा.वि.स. स्थित ज्योती महिला बचत तथा ऋण सहकारी संस्थाको अध्ययनमा आधारीत )**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
पृथ्वीनारायण क्याम्पस, समाजशास्त्र एवं मानवशास्त्र विभाग स्नातकोत्तर तह
द्वितीय वर्षको समाजशास्त्र बिषयको आठौं पत्रको
आंशिक आवश्यकता पुरा गर्न तयार गरिएको

## शोधपत्र

शोधकर्ता
रबिन्द्रराज पौडेल
रोल नं.१९५/०६३
त्रि.वि.दर्ता नं.६-१-४८-१०१३-९९

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र संकाय
समाजशास्त्र/मानवशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस
पोखरा

चैत्र, २०७०

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह (एम.ए), दोस्रो वर्षको समाजशास्त्र विषयको शोधपत्र लेखन स्नातकोत्तर उपाधीको आंशिक आवश्यकता पूर्ति गर्न छात्र रबिन्द्रराज पौडेलले सहकारी संस्थाले महिलाको आर्थिक तथा सामाजिक जीवनमा पारेको प्रभाव, आर्बा विजय गा.वि.स. स्थित ज्योती महिला बचत तथा ऋण सहकारी लिमिटेडको अध्ययनमा आधारित मेरो प्रत्यक्ष निर्देशन र सुपर्यवेक्षणमा यो शोधपत्र तयार पार्नुभएको हो । यस शोध पत्रसम्बन्धी सन्तुष्टि प्रकट गर्दै यसको समुचित मूल्याङ्कनका तथा स्वीकृतिका लागि समाजशास्त्र तथा मानवशास्त्र विभागमा शोधपत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

……………………
शान्ति भुसाल
शोध निर्देशक
समाजशास्त्र तथा मानवशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा
मिति : वि.सं. २०७० चैत्र २८ गते
Date : 11 April 2014 A.D.

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्रतर्फको छात्र रबिन्द्रराज पौडेलद्वारा तयार गरिएको **"सहकारी संस्थाले महिलाको आर्थिक तथा सामाजिक जीवनमा पारेको प्रभाव"** नामक यस शोधपत्रलाई देहायको मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

................................
शान्ति भुसाल
शोध निर्देशक

...............................
डा. लेखनाथ भट्टराई
बाह्य परिक्षक

.............................
शान्ति भुसाल
विभागीय प्रमुख

मिति : वि.सं. २०७० चैत्र २८ गते
Date : 11 April 2014 A.D.

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह (एम.ए.), दोस्रो बर्षको समाजशास्त्र बिषयको शोधपत्र लेखन स्नातकोत्तर उपाधीको आंशिक आवश्यकता पूर्ति गर्न सहकारी संस्थाले महिलाको आर्थिक तथा सामाजिक जीवनमा पारेको प्रभावको आंकलन गरिएको छ । आर्बा बिजय गा.वि.स स्थित ज्योती महिला बचत तथा ऋण सहकारी लिमिटेडको अध्ययनमा आधारीत रहेर यस शोधपत्र तयार गरिएको छ । यो शोधपत्र तयार पार्ने क्रममा हरतरहले सहयोग सुझाव र परामर्श दिई सहयोग गर्नुहुने पृथ्वीनारायण क्याम्पस समाजशास्त्र मानवशास्त्र विभागका प्रमुख तथा शोधनिर्देशक शान्ति भुषाल गुरु आमाप्रति आभार व्यक्त गर्न चाहन्छु । यस शोधपत्रमा भएका कमीकमजोरीलाई औंल्याएर नमिलेका विषयलाई परिमार्जन गर्न सहयोग गर्नुहुने बाह्य शोध निर्देशक डा. लेखनाथ भट्टराई प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

तथ्याङ्क संकलनका क्रममा महत्वपूर्ण सहयोग एंव जानकारी उपलब्ध गराउने सहकारी संस्थाका अध्यक्ष कृष्णकुमारी बराल, संस्थाको कार्यलय सचिव रामकुमारी पौडेल, संचालक समितिका सदस्यहरु, सम्पूर्ण साधारण सदस्यहरु धन्यबादका पात्र हुनुहुन्छ । त्यस्तै तथ्याङ्क संकलनका क्रममा महत्वपूर्ण सहयोग गर्ने लोकेन्द्र बराल सुनिल बराल, संजय बराल, धन्यबाद दिन चाहान्छु ।

आफूले उच्चशिक्षा लिन नपाए पनि आफ्ना सनतानलाई पढ्नकालागि प्रेरीत गर्ने मेरा आदरणीय आमा तेजकुमारी पौडेल बुबा कमलामोहन पौडेल र श्रीमती सुनिता पौडेल साथै अध्ययनका क्रममा विभिन्न खाले सल्लाह सुझाव दिनुहुने आदरणीय साथी ऋषीराम अधिकारी र गौतम भण्डारी प्रति आभार व्यक्त गर्दछु । यस सोधपत्रलाई छपाई गरी सहयोग गर्ने सगरमाथा प्रिन्ट हाउस तथा छापाखाना “जीवन” साथै दृश्य र अदृश्य रुपमा सहयोग सल्लाह सुझाव दिने सम्मपूर्ण महानुभावहरु प्रति धन्यबाद दिन चाहान्छु ।

.............

मिति: वि.सं. २०७० चैत्र २८ गते
शोधकर्ता

Date: 11 April 2014 A.D.
रबिन्द्रराज पौडेल

# शोधसार

मानव विकासको विकास क्रम सँगै मानव सभ्यताको शुरुवात भएको पाइन्छ । एक आपसमा मिलेर बस्नु, सोच्नु र काम गर्नुलाई सहकारीता भनिन्छ । सामान्य अर्थमा सहकारीताले सँगै बस्ने, विचार गर्ने र कामगर्ने पद्धतिलाई बुझाउँछ भने समाजशास्त्रीको नजरमा सामाजिक उत्पीडनबाट मुक्ति प्राप्त गर्नु हो भने अर्थशास्त्रीको नजरमा विचौलियाको शोषणबाट मुक्ति प्राप्त गर्ने व्यवसायिक संगठन हो । नेपाल एक विकाशील पितृसत्तामक देश हो । कुनै पनि शुभ कार्य गर्दा पञ्चकन्या बाट गरिन्छ भने धर्ती माताका रूपमा पुजा गरिन्छ । यती हुँदाहुँदै पनि पुरुषको तुलनामा महिला अनुत्पादन मूलक क्षेत्रमा कामकाज गर्दै आई रहेको पाइन्छ । महिला महिला भएकै कारणवाट पछाडि पारिएको छ ।

सहकारी संस्थाले महिलाको आर्थिक तथा सामाजिक जीवनमामा पारेको प्रभाव आर्बा बिजय गा.वि.स वडा नं. २ अवस्थित ज्योती महिला बचत तथा ऋण सहकारी संस्था यसका अध्ययन क्षेत्रभित्र रहेको छ । महिलाहरु सहकारीमा लागेर आर्थिक तथा सामाजीक अवस्थामा आएको परिवर्तन कस्तो छ जुन लैङ्गीक, माक्सीस दृष्टिकोणमा आधारीत भएर समाजशास्त्रीय अध्ययन गरीएको छ । यस ठाउँका महिलाहरू पुरुष भन्दा पछि पर्नु, सहकारी सञ्चालन सम्बन्धित भूमिकाको साथै महिलाको क्षमता वृद्धि, नेतृत्व विकास समस्याको पहिचान र चेतनामा आएको विकास सम्बन्धित अध्ययनमा प्रयोग भएका विधिहरू अवलोकन, अन्तर्वार्ता अनुसूची, समूह केन्द्रित छलफल विधि,  रहेको छ । सहकारी संस्थामा अनुबन्धित सदस्यहरू २८६ जनामध्ये वाट उद्देश्यमूलक नमूना छनौट वीधीबाट उत्तरदाताको छनौट गरिएको छ । यसमा समावेश भएका सदस्यहमध्ये ब्राह्मण ११८ जना, क्षत्री २३ जना, नेवार ५ जना, दलित १०५ जना, तामाङ, १० जना र गुरुङ्ग २५ जना गरी २८६ जनाको २० प्रतिशतले हुन आउने ५७ जनालाई उत्तरदाताको रूपमा छनौट गरिएको छ ।  तथ्याङ्कको स्रोतको रूपमा प्राथमिक र द्वितीय स्रोतबाट आएका तथ्याङ्कहरूलाई समावेश गरिएको छ । प्राथमिक तथ्याङ्क सङ्कलनको विधिहरूमा प्रश्नावली, अवलोकन, समूहगत छलफल, व्यक्तिगत सम्पर्कका आधारमा तयार पारिएको थियो भने यस सहकारीले प्रकाशित गरेका प्रगतिविवरण रिपोर्ट, वार्षिक प्रतिवेदन लगायतलाई द्वितीय स्रोतको रूपमा लिएको छ । अध्ययनलाई मुर्तरुप दिन सामान्य तथ्याङ्क शास्त्रीय वीधि अनुसार तालीकीकरण, प्रस्तुतीकरण र उद्देश्य अनुसार बर्णनात्मक शैलिको प्रयोग गरी निम्न निष्कर्ष निकालिएको छ । धर्मका आधारमा हिन्दू धर्म मान्ने धर्मावलम्बीहरू ५० जना अर्थात् ८७.७२ प्रतिशत र बौद्ध धर्ममान्नेहरू ७ जना अर्थात् १२.२८ प्रतिशत रहेकाबाट संस्थामा हिन्दू

धर्मावलम्बी उत्तरदाताहरूको बाहुल्य देखिन्छ । पेशाका आधारमा कृषि गर्ने सबैभन्दा बढी ३६ जना अर्थात् ६३.१५ प्रतिसत छन् । त्यसपछि व्यापारीको सङ्ख्या बढी छ । जसमा १८ जना अर्थात् ३१.५९ प्रतिसत छन् र जागीर खानेमा ३ जना अर्थात् ५.२६ प्रतिसत रहेका छन् । वैवाहिक स्थितिलाई हेर्दा ८२.४५ प्रतिसते विवाह भइसकेको र १५.८१ प्रतिसत श्रीमान्को मृत्यु भएकाले एकल महिला १.७४ प्रतिसत मात्र विवाह नभएको पाइएको छ । प्रजनन स्थिति देखाइएको छ । १ मात्र सन्तान हुने उत्तरदाताहरू २ जना अर्थात् ३.५० प्रतिशत रहेका छन् भने २-३ सन्तान हुने उत्तरदाताहरू ३१ जना अर्थात् ५४.४० प्रतिशत भेट्टिए भने ४ वा भन्दा माथि सन्तान हुने उत्तरदाताहरू जम्मा २२ जना अर्थात् ३८.६० प्रतिशत छन् भने एउटा पनि सन्तान नहुने उत्तरदाताहरू जम्मा २ जना अर्थात् ३.५० प्रतिशत भेट्टिए । उत्तरदाताहरूमध्ये २२ जना अर्थात् ३८.५६ प्रतिशत निरक्षर रहेको पाइयो भने साक्षरहरू (सामान्य लेखपढ गर्न सक्ने) को सङ्ख्या २१ अर्थात ३६.८५ प्रतिशत छ । माध्यामीक सम्म अध्ययन गरेको सङ्ख्या ९ अर्थात् १५.८१ प्रतिशत रहेको पाईयो भने उच्च शिक्षा भन्दा माथि पढ्ने उत्तरदाताहरू ५ अर्थात् ८.७८ प्रतिशत रहेको पाईयो । सहकारीमा ऋण लिने उत्तरदाताहरू ४७ जना ८२.४६ प्रतिसत  जना रहेको पाइयो भने सहकारीबाट ऋण नलिने उत्तरदाताहरू १० जना १७.५४ रहेको पाइयो । ऋण लिएर कृषि गर्ने २५ जना अर्थात ४३.८६ प्रतिसत व्यापार ११ जना अर्थात १९.३० प्रतिसत पशुपन्छि पालन १० जना अर्थात १७.५ प्रतिसत शिक्षामा १ जना अर्थात १.७४ प्रतिसत र ऋण नलिने १० जना अर्थात १७.५ प्रतिसत भएको पाइयो । मासिक २००० देखि ३००० सम्म आम्दानी गर्ने २० जना, मासिक ३१०० देखि ४००० सम्म आम्दानी गर्ने ११ जना, मासिक ४१०० देखि माथि आम्दानी गर्ने १६ जना र ऋण नै नलिने १० जना पाइयो ।ऋण लिएर घर खर्च चलाउनमा मात्र प्रयोग गर्ने उत्तरदाताहरू ५३ जना, छोराछोरी पढाउन ५२ जना व्यापार बढाउन वा सम्पत्ति थप गर्न २० जनाले लगानी गरेको पाइयो भने चल अचल सम्पत्ति जोड्ने लगानी गर्ने २० जना र तीर्थव्रत भ्रमण गर्न ८ जना पाइयो भने मनोरञ्जनका साधन किन्न ८ रहयो । सहकारीमा लाग्नुको मुख्य कारण के हो भने प्रश्नको जवाफमा बचत गर्न र ऋण लिई व्यवसाय गर्न भन्ने खालका उत्तरदाताहरू ५० जना अर्थात् ८७.७२ प्रतिशत पाइन्छ । त्यसैगरी आफ्नो व्यक्तित्व विकास गर्न एवं महिला सशक्तीकरणका लागि सहकारीमा प्रवेश गरेको हो भन्ने उत्तरदाताहरू ७ जना अर्थात् १२.२८ प्रतिशत रहेको पाइन्छ । बचत गर्न र ऋण लिई व्यवसाय गर्नाका लागि सबैभन्दा ५० जना अर्थात् ८७.७२ प्रतिशत उत्तरदाताहरू सहकारीमा लागेको पाइन्छ ।

सहकारीमा लागेर सोचे जति फाइदा लिने उत्तरदाताहरू सतप्रतिसत भएको पाइयो । छनौटमा परेका ५७ जना सबैले फाइदा भयो भनेकाले फाइदा लिनेको सङ्ख्या १०० प्रतिशत नै पाइन्छ । व्यवसाय प्रवर्द्धन गर्नका लागि सीप सिक्ने उत्तरदाताहरू २७ जना अर्थात् ४७.३७ प्रतिशत र सीप नसिक्ने उत्तरदाताहरू ३० जना अर्थात् ५२.६३ प्रतिशत रहेको पाइन्छ । सहकारीमा संलग्न भएपछि व्यवसाय बढाउनेहरू १९ जना अर्थात् ३३.३५ प्रतिसत रहेको पाइयो भने सामाजिक उत्तरदाइत्व सम्बन्धी १८ जना अर्थात ३१.५८ प्रतिशत रहेको पाइयो । नेतृत्व विकाससम्बन्धी सीप सिक्नेहरू १३ जना अर्थात २२.१५ प्रतिशत रहेको पाइयो त्यस्तै सहकारीमा संलग्न भएपछि कुनै पनि सीप सिक्न नचाहने उत्तरदाताहरू ७ अर्थात् १२.२८ प्रतिशत रहेको पाइयो । सिकेको सीप प्रयोग गर्ने उत्तरदाताहरू २८ अर्थात् ८४.८५ रहेको पाइयो भने सहकारी संस्थामा सीप सिकाए पनि, सिकेको सीप प्रयोग नगर्ने उत्तरदाताहरू ५ अर्थात् १५.१५ रहेको पाइयो । सहकारीमा लागेपछि साथी बढे भन्नेमा ५७ जना अर्थात् १०० प्रतिशत पाइयो भने साथी बढेनन् भन्ने उत्तरदाताहरू एउटा पनि पाइएन । सहकारीमा विभिन्न कार्यक्रममा भेट भएपछि साथीहरूसँग घरायसी कुराबाहेक वचत तथा ऋणका विषयमा अन्तरक्रिया हुने ५१ जना, राजनैतिक विषयमा ४ जना, शैक्षिक विषयमा २५ जना, सामाजिक सांस्कृतिक विषयमा २५ जना, मनोरञ्जनका विषयमा १७ जना र आन्तरिक बिषयमा १६ जना रहेको पाइयो । सहकारीमा लागेर राम्रो गरेभन्ने उत्तरदाताहरू ५२ जना अर्थात् ९१.२२ प्रतिशत  ठीकै गरे भन्नेहरू ५ जना अर्थात् ८.७८ प्रतिशत र सहकारीमा लागेर राम्रो गरिनँ भन्ने कुनै एक जना पनि उत्तरदाताहरू पाइएनन् । धेरै उत्तरदाताले सहकारीमा संलग्न भएर राम्रो गरेछु भन्ने उत्तर आएको र ५ जना अर्थात् ८.७८ प्रतिशतले ठीकै गरें भन्ने भनाइबाट सहकारीमा लागेर राम्रो गरेको पाइयो ।

सुरक्षित वचत तथा लगानि हुने, सस्तो र भनेको समयमा ऋण लिन पाइने भएकोले नै सहकारीमा लागेको भन्ने भनाइ उत्तरदाताहरूबाट पाइएको कुरा शत् प्रतिशत आफै नै संस्थामा बचत गर्ने र आर्थिक सहयोग लिने भन्ने सामुहिक एकता बढ्ने र म पनि केहि गर्न सक्छु भन्ने वानीको विकास हुने भन्ने उद्देश्यले भन्ने उत्तरदाताहरू क्रमशः २५ र २० भएकाले पनि के देखिन्छ भने सहकारीमा लाग्ने भनेको केवल आर्थिक बचत र ऋण लिने मात्र नभई एकआपसमा सदस्यहरूको बीचमा साथीत्वको भावना विकास गर्ने र सबैको लागि सहयोग गर्ने साथै म पनि केहि गर्न सक्छु भन्ने वानीको विकास हुने भन्ने देखिन्छ । तालिममा इच्छा अनुसार सदस्यलाई तालिम लिन पठाउने गरेको पाइयो । जस अनुसार सबैभन्दा बढी आत्मानिर्भर ३४ जना कृषि (तरकारी खेति) ३१ जना सहकारी

सम्बन्धी २२ जना सिलाइ बुनाइ (कटाइ) १३ जना लैङ्गिक र कुखुरा तथा पशुपालन सम्बन्धी १२ जना ब्यूटिपार्लर सम्बन्धी ७ जना र माहुरी सम्बन्धी ५ जनाले तालिम लिएको पाइयो ।

तालिम उपयोगी छैन भन्ने उत्तरदाताहरू एउटा पनि पाइएन । ऋणमा व्याजदर कम हुनुपर्ने भन्नेको सङ्ख्या अधिक रह्यो जसमा ४६ जना पाइयो । सहज रुपमा ऋण पाउनुपर्ने भन्नेमा ४३ जना, सदस्यता बढाउदै लैजानु पर्ने भन्नेमा ३५ जना बचत कर्त्तालाइ प्रोत्साहन गर्नुपर्ने २६ जना नाफा भन्दा सामाजिक उत्तरदाइत्वलाई बढी जोड दिनुपर्नेछ भन्नेमा १५ जना पाइयो । यसको अर्थ ऋणमा व्याजदर कम हुनुपर्नेमा वहुउत्तरदाताहरूको बाहुल्य पाइएकाले ऋण लगानीलाई बढाउनुपर्ने देखिन्छ ।

कार्यालय व्यवस्थापन र सही लेखा राख्ने १३ जना अर्थात् २२.८० प्रतिशत, उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने बचत कर्तालाई प्रोत्साहन गर्ने, आयमुलक तथा सहकारी सञ्चालन सम्बन्धी तालिम लिने  भन्नेको सङ्ख्या १२ /१२ जना अर्थात् २१.०५ प्रतिशत, व्यापार प्रवर्द्धनसम्बन्धी तालिम दिने भन्नेमा ५ जना अर्थात् ८.७८  प्रतिशत भएको पाइयो र सदस्य सङ्ख्या बढाउने भन्नेमा  ३ जना अर्थात् ५.२७ प्रतिशत । सहकारीमा लागेका मध्ये सक्रिय भूमिका निर्वाह गरेका छौं भन्नेहरूको सङ्ख्या अत्याधिक रहेको पाइयो । जसमा ३० जना अर्थात् ५२.६३ प्रतिशत भएकाले सहकारीमा नेतृत्वदायी भूमिका नरहेर पनि आफ्नो संस्थालाई राम्रो किसिमले अगाडि बढाउनुपर्दछ भन्नेको बाहुल्यता रहेको पाइन्छ । त्यस्तै साधारण सदस्यको भूमिका निर्वाह गरेका छौं भन्नेको सङ्ख्या १५ जना अर्थात् २६.२३ प्रतिशत र नेतृत्वदायी भूमिका निर्वाह गरी संस्थालाई सफल रूपमा सञ्चालन गरेका छौ भन्नेहरू १२ जना अर्थात् २१.०५ प्रतिशत रहेको पाइयो ।

उत्तरदाताहरूबाट प्राप्त उत्तरबाट पनि ५७ जनामध्ये नेतृत्वदायी भूमिका र सक्रिय भूमिका निर्वाह गर्ने ४२ जना अर्थात् ७३.६८ प्रतिशत सदस्यहरू सक्रिय रूपमा प्रस्तुत हुनुले उनीहरूमा आफ्नो भूमिका जिम्मेवार भएर पूरा गर्नुपर्दछ भन्ने बोध हुन्छ । कुनै पनि संस्थामा ७३.६८ प्रतिशत सदस्यहरू सक्रिय हुनु भनेको त्यो संस्था सफल रूपमा सञ्चालन हुनु हो र त्यसको भविष्य उज्ज्वल हुनु हो । तसर्थ यस सहकारीमा लागेका महिलाहरूको भूमिकामा सहकारीमा प्रवेशपछि आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक लगायतका क्रियाकलापमा उनीहरूले निर्वाह गर्ने भूमिकामा व्यापक परिवर्तन आएको निष्कर्ष संस्थाको सफल सञ्चालन र सक्रियताबाट नजर अन्दाज गर्न सकिन्छ ।

# विषय सूची


| | | |
|---|---|---|
| | | पेज नं. |
| सिफारिस पत्र | | II |
| स्वीकृति पत्र | | III |
| कृतज्ञता ज्ञापन | | IV |
| शोध सार | | V |
| विषय सूची | | IX |
| तालिका सूची | | XII |
| चित्र सूची | | XIV |
| **अध्याय एक : परिचय** | | **१-७** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ५ |
| १.३ | अनुसन्धानका उद्देश्यहरू | ६ |
| १.४ | अध्ययनको महत्त्व | ६ |
| १.५ | अध्ययनको सीमा क्षेत्र | ७ |
| १.६ | अध्ययनको संगठनात्मक ढाँचा | ७ |
| **अध्याय दुई : साहित्य समीक्षा** | | **८-२३** |
| २.१ | सहकारीको अवधारणा | ८ |
| २.२ | सहकारी सिद्धान्तहरू | १३ |
| २.३ | पूर्व अध्ययनको समीक्षा | १५ |
| **अध्याय तीन :अनुसन्धान विधि** | | **२४-२७** |
| ३.१ | अध्ययन क्षेत्र छनौटको औचित्य | २४ |
| ३.२ | अनुसन्धानको ढाँचा | २४ |
| ३.३ | तथ्याङ्कको प्रकृति र स्रोत | २४ |

३.४ समग्रता र नमुना छनौट विधि २५

३.५ जनसंख्या र नमुना संकलन २५

३.६ प्राथमिक तथ्याङ्क संकलनका विधि तथा प्रविधिहरु २५

३.७ पूर्व परिक्षण २६

३.८ आचार संहिता २७

३.९ प्रमाणिकता र विश्वसनियता २७

३.१० तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण २७

**अध्याय चार : उत्तरदाताहरुको पृष्ठभूमि २८-४२**

४.१ अध्ययनको क्षेत्र २८

४.१.१ ज्योती महिला बचत तथा ऋण सहकारीको ऐतिहासिक पृष्ठभूमि ३०

४.२ उमेरको आधारमा उत्तरदाता ३३

४.३ जातीय आधारमा उत्तरदाताको वितरण ३४

४.४ धर्मको आधारमा उत्तरदाताको विवरण ३६

४.५ पेशाका आधारमा उत्तरदाताहरू ३७

४.६ वैवाहिक स्थितिको आधारमा उत्तरदाताहरू ३८

४.७ प्रजनन स्थितिको आधारमा उत्तरदाताहरू ३९

४.८ शैक्षिक स्थितिका आधारमा उत्तरदाताको विवरण ४०

**अध्याय पाँच : आर्थिक प्रभावको विश्लेषण ४३-५०**

५.१ सहकारीबाट ऋण लिने र नलिने उत्तरदाताहरू ४४

५.२ ऋण लिएर व्यवसायमा लगानी गर्ने उत्तरदाताहरू ४५

५.३ ऋण लिएर फाइदा गर्ने उत्तरदाताहरू ४६

५.४ आर्जन गरेको रकम विभिन्न क्षेत्रमा खर्च गर्ने उत्तरदाताहरू ४७

**अध्याय : छ  सामाजिक तथा सांस्कृतिक प्रभावको विश्लेषण  ५१-७१**

६.१ सहकारीमा लाग्न प्रेरणा पाउने उत्तरदाताहरू ५२

६.२ सहकारीमा विभिन्न कारणबाट लाग्ने उत्तरदाताहरू ५३

६.३ सहकारीबाट सोचेजस्तो फाइदा लिने र नलिने उत्तरदाताहरू ५५

६.४ सहकारीमा लागेपछि सीप सिक्ने र नसिक्ने उत्तरदाताहरू ५६

६.५ सहकारीमा लागेपछि सीप सिक्नु र तालिम लिनु राम्रो हो, राम्रो होइन भन्ने उत्तरदाताहरू ५७

६.६ सहकारीमा संलग्न भएपछि विभिन्न सीप सिक्ने उत्तरदाताहरू ५८

६.७ सिकेको सीप प्रयोग गर्ने/नगर्ने उत्तरदाताहरूको वर्गीकरण ५९

६.८ सहकारीमा लागेपछि साथी बढे/बढेनन् भन्ने उत्तरदाताहरू ६०

६.९ सहकारीका साथीसँग गर्ने अन्तरक्रिया सम्बन्धमा बहुउत्तरदाताहरू ६१

६.१० सहकारीमा संलग्न भएर राम्रो गरे भन्ने उत्तरदाताहरू ६२

६.११ सहकारीमा संलग्न हुनुको मुख्य उद्देश्यका बहुउत्तरदाताहरू ६३

६.१२ तालिम लिने र नलिने उत्तरदाताहरू ६४

६.१३ तालिमको उपयोगका सम्बन्धमा उत्तरदाताहरू ६५

६.१४ अन्य तालिमको मागको आवश्यकता सम्बन्धमा (बहुउत्तरदाताहरू) ६६

६.१५ थप अपेक्षा सम्बन्धमा उत्तरदाताहरू ६७

६.१६ सहकारीलाई प्रभावकारी बनाउन थप सुझावका सम्बन्धमा बहुउत्तरदाताहरूको वर्गीकरण ६७

६.१७ सहकारी संचालनमा महिलाको भूमिकामा देखिएको प्रभाव ६९

**अध्याय सात : सारांश, निष्कर्ष र सुझाव  ७२**

**सन्दर्भ सामाग्री**

**परिशिष्ट-१**

**परिशिष्ट-२**

# तालिका सूची


| तालिका | शीर्षक | पेज नं. |
|---|---|---|
| ४.१ | उमेरको आधारमा उत्तरदाताको संरचना | ३३ |
| ४.२ | जातीय आधारमा महिलाहरूको बनावट | ३४ |
| ४.३ | धर्मको आधारमा उत्तरदाताको विवरण | ३६ |
| ४.४ | पेशाको आधारमा उत्तरदाताहरूको संरचना | ३७ |
| ४.५ | वैवाहिक स्थितिको आधारमा उत्तरदाताहरू | ३८ |
| ४.६ | प्रजनन स्थितिको आधारमा उत्तरदाताहरूको संरचना | ४० |
| ४.७ | शैक्षिक स्थितिका आधारमा उत्तरदाताहरूको विवरण | ४१ |
| ५.१ | सहकारीबाट ऋण लिने र नलिने उत्तरदाताहरू | ४४ |
| ५.२ | ऋण लिएर व्यवसायमा लगानी गर्ने उत्तरदाताहरूको संरचना | ४५ |
| ५.३ | ऋण लिएर फाइदा गर्ने उत्तरदाताहरू | ४६ |
| ५.४ | आर्जन गरेको रकम विभिन्न क्षेत्रमा खर्च गर्ने उत्तरदाताहरू | ४७ |
| ६.१ | उत्तरदाताहरूको सहकारीमा लाग्न प्रेरणा दिनेहरूको विवरण | ५२ |
| ६.२ | सहकारीमा विभिन्न कारणबाट लाग्ने उत्तरदाताहरको विवरण | ५४ |
| ६.३ | सहकारीबाट सोचेजस्तो फाइदा लिने र नलिने उत्तरदाताहरू | ५५ |
| ६.४ | सहकारीमा लागेपछि सीप सिक्ने र नसिक्ने उत्तरदाताहरूको वर्गीकरण | ५६ |
| ६.५ | सहकारीमा लागेपछि सीप र तालिम लिनु राम्रो हो, राम्रो होइन वा केही फरक पर्दैन भन्ने उत्तरदाताहरू | ५७ |
| ६.६ | सहकारीमा संलग्न भएपछि विभिन्न सिपसिक्ने उत्तरदाताहरु | ५८ |
| ६.७ | सिकेको सीप प्रयोग गर्ने/नगर्ने उत्तरदाताहरूको वर्गीकरण | ५९ |
| ६.८ | सहकारीमा लागेपछि साथी बढे/बढेनन् भन्ने उत्तरदाताहरू | ६० |
| ६.९ | सहकारीका साथीसँग गर्ने अन्तरक्रिया सम्बन्धमा बहुउत्तरदाताहरू | ६१ |
| ६.१० | सहकारीमा संलग्न भएर राम्रो गरे भन्ने उत्तरदाताहरू | ६२ |
| ६.११ | सहकारीमा संलग्न हुनुको मुख्य उद्देश्यका बहुउत्तरदाताहरू | ६३ |

| | | |
|---|---|---|
| ६.१२ | तालिम लिने र नलिने उत्तरदाताहरूको वर्गीकरण | ६४ |
| ६.१३ | तालिमको उपयोगका सम्बन्धमा उत्तरदाताहरू | ६५ |
| ६.१४ | अन्य तालिमको आवश्यकताका सम्बन्धमा उत्तरदाताहरूको मागको अवस्था | ६६ |
| ६.१५ | थप अपेक्षा गर्नुभएको छ भनी सोधेको प्रश्नमा उत्तरदाताहरूको भनाइ | ६७ |
| ६.१६ | सहकारीमा प्रभावकारी बनाउन थप सुझावका सम्बन्धमा उत्तरदाताहरुको वर्गीकरण | ६८ |
| ६.१७ | सहकारी सञ्चालनमा महिलाहरूको भूमिकामा देखिएको प्रभाव | ६९ |

# चित्र सूची


| तालिका | शीर्षक | पेज नं. |
|---|---|---|
| ४.१ | उमेरको आधारमा उत्तरदाता | ३३ |
| ४.२ | जातीय आधारमा महिलाहरूको बनावट | ३५ |
| ४.३ | धर्मको आधारमा उत्तरदाताको विवरण | ३६ |
| ४.४ | पेशाका आधारमा उत्तरदाताहरूको अवस्था | ३७ |
| ४.५ | वैवाहिक स्थितिको संरचना | ३९ |
| ४.६ | शैक्षिक स्थितिका आधारमा उत्तरदाताहरूको संरचना | ४१ |
| ५.१ | सहकारीबाट ऋण लिने र नलिने उत्तरदाताहरूको संरचना | ४४ |
| ५.२ | ऋण लिएर व्यवसायमा लगानी गर्ने उत्तरदाताहरूको संरचना | ४५ |
| ६.१ | उत्तरदाताहरूलाई सहकारीमा लाग्न प्रेरणा दिनेहरूको संरचना | ५३ |
| ६.२ | सहकारीमा विभिन्न कारणबाट लाग्ने उत्तरदाताहरूको संरचना | ५४ |
| ६.३ | सहकारीमा लागेपछि सीप सिक्ने र नसिक्ने उत्तरदाताहरूको वर्गीकरण | ५६ |
| ६.४ | सहकारीमा संलग्न भएपछि विभिन्न सीप सिक्नचाहने उत्तरदाताहरूको संरचना | ५८ |
| ६.५ | सिकेको सीप प्रयोग गर्ने/नगर्ने उत्तरदाताहरूको वर्गीकरण | ६० |
| ६.६ | सहकारीमा संलग्न भएर राम्रो गरे भन्ने उत्तरदाताहरू | ६३ |
| ६.७ | सहकारीलाई प्रभावकारी वनाउन थप सुझाव संबन्धमा | ६८ |